
# न्यायकर्ता घ




परमेश्वरलाई सम्पूर्ण हृदयले पछ्याउन अगुवाई गर्ने परमेश्वरका दास मोशा दृश्यबाट ओझेल भइसकेका थिए ।
तिनीहरूले उनलाई पछ्याए र आज्ञापालन गरे । उनीपछि उनका सेवक यहोशू आए । उनले इस्राएललाई अगुवाई गरेको पनि २५० वर्ष बितिसकेको छ ।
BUT SOON AFTER THEIR VICTORIES, THE PEOPLE OF ISRAEL WOULD FORGET GOD'S LAW AND WOULD BEGIN WORSHIPING IDOLS THAT WERE NO GODS AT ALL.
प्रभु हामीलाई बचाउनुहोस् !
EACH AND EVERY TIME GOD WOULD TURN THEM OVER TO THEIR ENEMIES.
FINALLY, GOD BROUGHT AN ENEMY SO RUTHLESS, THAT ISRAEL WOULD NEVER FORGET...




प्रस्थान १३:१७, न्यायकर्ताहरू १३:१-२




न्यायकर्ताहरू १३:३-५


यो अलौकिक जम्काभेटको बारेमा उसकी पत्नीले आफ्नी पतिलाई बताइन् ।
हे प्रभु, म बिन्ती गर्दछु, तपाईंले पठाउनुभएका परमेश्वरका जन फेरि आऊन् र जन्मन लागेको त्यस बालकलाई कसरी हुर्काउने हो, सो हामीलाई सिकाऊन् ।
परमेश्वरले मानोहको सोर सुन्नुभयो र परमेश्वरका दूत फेरि आए तर मानोह उनकी पत्नीका साथमा थिएनन् ।
उहाँ यहाँ हुनुहुन्छ !
त्यस दिन मकहाँ देखापर्नुभएको मानिस !
मेरी पत्नीसित कुरा गर्ने के तपाईं नै हुनुहुन्छ ?
म नै हुँ ।
जब तपाईंका वचनहरू पूरा हुनेछन्, तब त्यो केटाको जीवन र कामको नियम कस्तो हुनेछ ?
न्यायकर्ताहरू १३:६-१४




न्यायकर्ताहरू १३:१५-२५


...20 YEARS LATER
याकूब, तिमीले त्यस्तो सुन्दर स्त्री कतै देखेका छौ ?
यो फ्लाली किन्न मैले तिमीलाई यहाँ नल्याउनुपर्ने थियो । पलिश्तीका सहरहरूमा कुनै राम्रो कुरा घट्दैन ।
मैल भनैं नि....कुनै राम्रो कुरा घट्दैन ।
एउटा राम्रो कुरा त घट्यो नि ।
तिमीले सोचाइ ठीक छैन । परमप्रभुले तिमीलाई यी अन्यजातिहरूसित विवाह गरेको चाहानु हुन्न ।
तिम्रा आमाबाबुले कहिल्यै स्वीकृति दिनुहुने छैन ।
के हाम्रो जातिमा कुनै आदरणीय स्त्री छैनन् र ?
पत्नी पाउन खतना नभएका पलिश्तीहरूकहाँ नै तिमी जानुपर्छ र ?
शिमशोन.... इस्राएलीहरूको माझमा धेरै सुन्दर कन्याहरू छँदैछन् नि ।
त्यही नै मलाई चाहिन्छ ।
त्यो केटी नै मेरो लागि ठीक छ ।
उसले सधैं यस्तै जिद्दि गर्छ ।
उसको समस्या यही नै छ । जिद्दी होइन, बुद्धिमान हुन उसले सिक्नुपर्छ ।
यो कुरा मलाई त्यत्ति राम्रो लागेन ।
तर यो कुरा परमप्रभुबाटै हो भनेर तिनका बाबुआमालाई थाहा थिएन । उहाँले पलिश्तीहरूको विरुद्धमा मौका हेर्दै हुनुहुन्थ्यो किनकि त्यस बेला तिनीहरूले इस्राएलमाथि अधिकार जमाएका थिए ।




न्यायकर्ताहरू १४:५-७



हुन्छ, हामी विवाहमा जाऔँ ।
हामीले यी मूर्तिपूजकहरूसित विवाह गर्न नहुने हो तर हामीलाई थाहा छ, तैंले आफ्नो मनमा अठोट नै गरिसकेको छस् ।
बिहेको भोज तयार गर्न तँ तिम्नामा जा । हामी एक दुई दिनमा आउँछौं ।
पलिश्तीहरूको सहर तिम्ना जाने बाटोमा......
...... मरेको सिंहभित्र मौरीले मह पारेको उसले भेट्टायो ।
यम्म्......
यस्तो मीठो कुरालाई खेर जान दिनु बुद्धिमानी होइन ।
* मरेको सिंहलाई छुनु नाजिरी भाकलको उल्लङ्घन थियो ।
छोरो, तैंले निकै मीठो मह भेट्टाइछस् ।


त्यस समयमा, दुलाहापट्टिकाहरूले बिहेको भोज आयोजना गर्ने चलन थियो ।
* हिब्रु शब्द मिस्तेहको अर्थ हुन्छ, मदिरासहितको भोज । नाजिरी भाकलको यो अर्को उल्लङ्घन  थियो ।
पलिश्तीहरूले भोजको लागि ३० पलिश्ती जवानहरूको प्रबन्ध गरेका थिए ।
म तिमीहरूलाई एउटा अड्को थाप्छु ।
यदि तिमीहरूले सात दिनभित्र यसको उत्तर दिनसक्यौ भने म तिमीहरूलाई तीस थान कपडा र तीस जोर लाउने लुगा दिनेछु ।
तर तिमीहरूले उत्तर दिन सकेनौँ भने तिमीहरूले मलाई तीस थान कपडा र तीस जोर लाउने लुगा दिनुपर्छ ।
तिम्रो अड्को थापिहाल ।
हामी सुनिहालौँ न ।
खानेवालाबाट, खाने कुरा निस्क्यो, बलवान्‌बाट गुलियो निस्क्यो ।
......मीठो कुरा ।
यो हिब्रुले हामीलाई मात दियो है ।
चार दिनसम्म पलिश्तीहरूले निकै कोशिश गरे तर अड्को फुकाउन सकेनन् ।
त्यो हिब्रुले यहाँ आएर हामीलाई मूर्ख बनायो ।
हामीले यसलाई मूर्ख बनाउन सक्छौं होला ।




न्यायकर्ता १४:१५-१७




न्यायकर्ताहरू १४:१८–१९


म मेरी पत्नीलाई भेट्न आएको ।
म... मैले त साँच्चै तिमीले उसलाई पूरा घृणा गर्दा रहेछौ भन्ने ठानें, त्यसैले मैले उसलाई तिम्रा साथीलाई दिइहालें ।
के उसकी बहिनी ऊभन्दा राम्री छै न र ? त्यसलाई नै लिएर जाऊ ।
यो पल्ट पलिश्तीहरूसित साटो लिने मेरो हक छ, म साँच्ची तिनीहरूको नोक्सानी गर्छु ।
उनले ३०० स्यालहरू पक्रे र दुई दुई वटा स्यालका पुच्छर बाँधे र बीचमा एउटा राँको बाँधेर पलिश्तीहरूको खेतमा छोडिदिए । यसरी तिनीहरूको बोली नष्ट भयो ।
.....यसरी बदला लिन्छु भनेको कुरा उनले पूरा गरिछाडे ।


यो सबै कसले गरेको ? !!!
इस्राएली शिमशोनले– तिम्नाकी छोरीसित उनको मगनी भइसकेको थियो ।
उसकी स्वास्नीलाई उसको साथीलाई दिइएकोले उसले यसो गरेको हो ।
शिमशोन सहर छोडेर स्यालको ओडार बस्ने त्यो पहाडतिर गएको यही ठिटोले देखेको हो ।
बचाऊ - बचाऊ !
ऐइइय्या........
गुहार- दया गर्नोस् !
शिमशोनले के गर्न खोजेको रहेछ, बुझ्यौं न ।
ऐइया !
शिमशोनले अप्रत्याशित ढङ्गले पलिश्तीहरूमाथि चढाई गरेर क्रूरतापूर्वक धेरैलाई मारे ।
आफ्नी स्वास्नीको परिवारको हत्याको निम्ति बदला लिइसकेर शिमशोन एतामको चट्टानको धाँदोमा गएर बसे ।




न्यायकर्ताहरू १५:९–११




न्यायकर्ताहरू १५:१२-१४


परमप्रभुको आत्मा सामर्थ्यसित शिमशोनमाथि आउनुभयो ।
उनको पाखुरामा लगाइएका डोरीहरू डढेका सनपाट जस्तै भए र तिनका बन्धनहरू तिनका हातहरूबाट फुस्के ।



न्यायकर्ताहरू १५:१४–१५




न्यायकर्ताहरू १५:१६-१७




न्यायकर्ताहरू १५:२०- हितोपदेश ७:२५-२


शिमशोन यहाँ छ – हाम्रा सहरमा !
तन्तुकारहरूको बजार नजीकै बस्ने त्यो वेश्याको घरमा शिमशोन पसेको येरूब घट्टेले देखेको छ ।
राम्रो । यसपल्ट हामी उसको पछि पनि जानुपरेन । हाम्रा ईश्वरहरूले उसलाई हामीकहाँ नै ल्याइदिए ।
झिसमिसे नभएसम्म हामी पर्खौं र त्यसपछि ऊ घरबाट निस्कने बित्तिकै हामी उसमाथि जाइलाग्नेछौं– हामी सबै नै जानुपर्छ ।
उनले सहरको मूल ढोकाका दैला र दुवै खम्बा, बार र सबै थोक उखेले.....
र ती सबैलाई आफ्नो काँधमाथि बोकेर......
......सहरको सामु भएको डाँडाको टाकुरमा बोकेर लगे ।
शिमशोन पक्कै मानव होइन ।
“। उसको परमेश्वर साँच्ची नै शक्तिशाली परमेश्वर पो हो कि ।
ऊ मान्छे वा ईश्वर जे भएतापनि हामीले उसलाई रोक्नैपर्छ ।



यस्ता केटीहरू खेतमा उम्रिँदैनन् नि, कि कसो ?
अँ, त्यसै भन्नुपर्ला ।
उनीहरूको बारेमा यसो बुझेर आऊँ न ।
हेर न यी गाउँले केटाहरूलाई ?
यिनीहरू यहाँका हो इनन् ।
अलि राम्ररी हेर न....तिनीहरू जवान छन्, बीचकोलाई हेर त ।
के हामी तपाईंहरूलाई सहायता गर्न सक्छौँ ?
हामीले भर्खरै अन्न बेच्यौँ र मेला पनि हेर्‍यौँ । अब यहाँका स्थानीयहरूसित यसो चिनाजानी गरौँ भनेर नि ।
यो ठाउँबाट नै सुरु गर्दा राम्रो होला कि ।
पलिश्तीहरूले अन्नको राम्रो दाम दिए त तपाईंहरूलाई ?
अँहँ, दिएनन् । तर हामीले पनि उनीहरूलाई ठीक तौलमा अन्न कहाँ दियौँ र ! सामान किन्दा पलिश्तीहरूले सधैँ भाउ घटाउन खोज्छन् भनी हामीलाई थाहा थियो नि ।
यो आपसी समझदारीको कुरा हो ।
निस्कने हो कि ?
तपाईं चलाक हुनुहुन्छ ।
अनुभवी भनौं न ।


यसो टहल्न निस्कने हो कि ?
नाउँ नै नचिन्ने मान्छेसित ?
मेरो नाउँ शिमशोन हो.....अब त थाहा भयो नि ।
शिमशोन.....त्यही जसले आधा पलिश्ती सेनाहरूलाई नष्ट पारे का थिए ?
तिनीहरूले आफै माथि विपत्ति ल्याएका हुन् ।
तपाईंसँग त ईश्वरको शक्ति छन् भनी हाम्रा शासकहरू भन्छन् ।
तपाईंसित हिँड्नु त खतरा छ कि जस्तो छ ।
खतरा होइन.... रमाइलो ।


शगोल र केही शासकहरू तपाईंसित कुरा गर्न चाहान्छन्....
यो साँचो हो, पलिश्तीहरूको देशमा सोरेकको बेंसीले सबै भन्दा राम्रो फल फलाउँदछ ।
र स्वादिष्ट......
तर हामी यहाँ तिम्रो सुन्दरताको प्रशंसा गर्न आएका होइनौं, तिमीलाई भाँडामा किन्न आएका हौं ।
हाम्रो १००० जनाको उत्तम सैन्यबलले गर्न नसकेको काम तिमीले गर्न सकेकी छौ । शिमशोनलाई वशमा पार ।
केही दिनहरू अघि उसले तिमीसित रात बिताएको कुरा हामीलाई थाहा छ ।
हाम्रा पहाडहरूमा घुमिहिँड्ने सिँहहरूलाई वशमा पार्न नसकिए जस्तै शिमशोनलाई वश पार्न सकिँदैन ।
तर कम्तीमा ऊ पहाडबाट तल झरेर त आयो नि
उसलाई वश पारेको दाम हामी तिर्नेछौं ।
जँगली जनावरहरूलाई वशमा पार्ने काम खतरानाक छ । तपाईंहरूलाई थाहै छ, कहिलेकाहीं प्रशिक्षकहरू मारिन्छन् पनि ।
खतरा मोलेको दाम तिर्न हामी तयार छौं ।
के खतरा, दलिलाको काखमा को मान्छे जान इच्छुक नहोलान् र ?
कति दाम ?
शिमशोनलाई वशमा पारेर हाम्रो हातमा सुम्पेको दाम तिमीले १,१०० चाँदीका टुक्रा पाउनेछौ ।
.....हामी प्रत्येकबाट ।


कस्तो बलियो, मर्दको जस्तो छ तपाईंका पाखुराहरू, शिमशोन ।
पक्का धेरै मानिसहरूले तपाईंको डाहा गर्दा हुन् ।
खेतमा खनजोत गरेर नै तपाईं बलियो भएको हुनुपर्छ ।
खेतको कामले भन्दा अरू नै थोकले होला । यहाँ कति खेतालाहरू छन्, कसैले मूलढोका उखेल्न सक्तैनन् त ।
ताँदाहरू.... ताजा ताँदाहरूले हो ।
कसैले मलाई त्यसले बाँधेमा , म अन्य मानिस जस्तै कमजोर भइहाल्छु ।
शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है ।




न्यायकर्ताहरू १६:१०-१२


कुरा के हो - तिमीले त केही खाएकी छैनौ त।
के तिमी कुनै थोक चाहान्छौ, तिमीले चाहे को जेसुकै पनि शिमशोनले तिम्रो लागि ल्याइदिनेछ।
म के चाहान्छु - तपाईं दिन सक्नुहुन्न।
प्रेमीहरू त घनिष्ठ हुनुपर्छ र एक अर्कालाई सबै थोक बाँड्नुपर्छ।
मैले तपाईंसित ओछ्यान बाँडे की छु- तर तपाईं आफ्नो हृदयको भेद मसित बाँड्नुहुन्न।
तपाईं त हाम्रो सम्बन्धलाई ठट्टामा उडाउनुहुन्छ।
। अब तपाईंसित नभेट्ने र मेरा मानिसहरू पलिश्तीहरूमध्येबाटै कसै सित बिहे गर्ने निर्णय मैले गरिसकेकी छु।
'..तपाईं जस्तो मान्छे सित सँगत गरेर म मूर्ख भएँ।
मैले तिमीलाई बताउन नचाहेको कारण मैले यो कसैलाई पनि बताएको छैन।
रहस्य मेरो कपाल हो।
यदि मेरो कपालका सात वटा लट्टालाई तानमा बुनेर कीलाले कसेर राख्यो भने, म अरू मानिसजस्तै कमजोर भइहाल्नेछु।
ओहो शिमशोन, अहिले त साँच्चै नै म तपाईंसित नजीक अनुभव गछु। हामीले साँच्चि नै एक अर्कालाई जान्दछौं।
आऊ, हामी प्रेममा डुबौं अब।
शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है।




न्यायकर्ताहरू १६:१५-१८


दिन बितिसक्यो प्रिय।
आरामपूर्वक मेरो काखमा नै निदाउनुहोस् न।
मैले छिटो छिटो
'..काट्नुपर्छ।
काट् यो, काट्यो, काट्यो, सिद्धियो..... यो सधैंको लागि सिद्धिएको होस्।
दलीलाले शिमशोनको कपाल खौरेपछि उनको कपालमा रहेको उनको बल उनीबाट गयो।
ठूलो सिंह निर्बल पाठो भयो अब।
म सधैँ झैँ आफैलाई मुक्त गर्नेछु।
पलिश्तीहरू तपाईंमाथि आइलागे है।
तर आफ्नो अनाज्ञाकारिताको कारण प्रभुले उनलाई त्यागिसक्नुभएको कुरा शिमशोनले चाल पाएनन्।




न्यायकर्ताहरू १६:२०-२१




न्यायकर्ताहरू १६:२१


तर दृष्टि हराएपछि शिमशोनले पहिलो चोटि दे
ख्न थाले...(महसूस गर्न थाले)
परमप्रभु, तपाईंले मलाई एउटा वरदान दिनुभयो...तर मैले त्यसलाई नराम्रोसित मासेँ । मलाई माफ गरिदिनुहोस् ।
तर शिमशोनको कपाल फेरि बढ्न थाल्यो ।
तर यो भन्दा महत्वपूर्ण कुरा, उनको आज्ञाकारिता फर्क्यो, र उनको आत्मा पनि फर्क्यो ।
मेरो प्रार्थना सुन्नुहोस् हे परमप्रभु, मलाई फेरि एकपल्ट प्रयोग गर्नुहोस् ।
म ढलेको थिएँ....मलाई उठाउनुहोस् । र तपाईंको निम्ति मलाई फेरि बलियो बनाउनुहोस्....
मलाई एउटा मौका दिनुहोस्..... '.. तपाईंको इच्छा पूरा गर्न ।


उठ् ए हिब्रु कुकुर !
ओ हुह ।
आज तैँले गर्नुपर्ने एउटा काम छ ।
हामी हाम्रो देवताको चाड मनाउँछौँ ।
तँ.... चाहिँ हाम्रो मनोरञ्जन होस् ।
हेर त - शिमशोन अन्धो मूसा जस्तै देखिन्छ ।
हो, हो मूसै देखियाछ । हिब्रु मूसो ।


हो !!
हाम्रो देवताले हाम्रो शत्रुहरूलाई वशमा पारेको छ
त्यसले जे हामीलाई गर्‍यो, त्यसको बदला हामीले लिनुपर्छ !
त्यो हिब्रुलाई मारिदेऊ !


आज हाम्रो निम्ति आनान्दो त्सवको दिन हो ।
हाम्रो निम्ति शिमशोन नाचोस् ।
हो, हजूर ।
हो- बल्ल ठीक कुरा आयो है ।
अब हुन्छ वास्तविक रमाइलो ।
WHACK
शक्तिशाली कसरी ढल्यो ।
शिमशोन, तेरो बल अहिले कहाँ गयो हँ ?
हो - हामी यही हेर्न आएका हौं ।



हाम्रो देवताले हाम्रा शत्रुलाई, हाम्रो देश उजाड पार्नेलाई, जसले हाम्रा धेरैलाई मारेथ्यो, हाम्रै हातमा सुम्पिदियो ।
तेरो परमेश्वर अहिले कहाँ छन्, शिमशोन ?
तँ त दयनीय छस् । तैँले हाम्रा मानिसहरूलाई राम्रो खेलतमाशा देखाउँछस् भनी मैले सोचेको थिएँ ।
शिमशो नलाई पन्छाऊ यहाँबाट ।
हाम्रो खेलपछि फेरि यसलाई मनोरञ्जनको लागि हामी झिकाउनेछौँ ।
मलाई एउटा कृपा गरिदिनोस्,
कस्तो कृपा ?
हजूर । मन्दिरलाई अडाउने मूल खम्बाहरू मलाई छाम्न देऊ, र म त्यहाँ अडेस लाग्नेछु ।
हे सर्वोच्च परमेश्वर, मलाई याद गर्नुहोस् ।
हे परमेश्वर, मलाई अझै एकपल्ट मात्र शक्ति दिनुहोस् र मेरा दुई आँखाका निम्ति यी पलिश्तीहरूमाथि एकै चोटि बदला लिन सकूँ ।
मलाई पलिश्तीहरूसित मर्न दिनुहोस् ।


ऐय्
या !!
नाइँ....!


ऐय्याया !!
अय्
याया !!!
गुहार !!




न्यायकर्ताहरू १६:३०




न्यायकर्ताहरू १६:३१




न्यायकर्ताहरू १६:३१, हितोपदेश ७:२१-२३



शिमशोनको मृत्युपछि मानिसहरूले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यही गर्न लागे ।
तिनीहरूले आफ्नै आराधना स्थापना गरे ।
मीका नाम गरेका एउटा व्यक्तिले तिनकी आमाले तिनलाई दिएका चाँदीबाट आफ्नो लागि मूर्ति बनाए ।
र त्यसलाई तिनले घमण्डका साथ आफ्नो घरमा राखे ।
तिनले आफ्नै छोरालाई पनि पूजाहारी नियुक्त गरे यद्यपि मानिसहरू कसरी पूजाहारी हुन सक्छन्, त्यसबारे परमेश्वरले तिनीहरूलाई स्पष्ट निर्देशनहरू दिनुभएको थियो ।
त्यसलगत्तै, बेथलेहमबाट आएका एउटा लेवीले मीकालाई भेटे ।
मोशाले दिएको निर्देशनअनुसार पूजाहारीहरू हुनुपर्ने लेवीहरू मात्र थिए ।
न्यायकर्ताहरू १७:१–९


तर यी लेवी पूजाहारीको निम्ति नियुक्त भएका सहरहरू छोडेर उनले परमेश्वरको अवज्ञा गरेका थिए।
साथै उनी गलत कारणको लागि पूजाहारी भए....
कृपया, मेरो पूजाहारी हुनुहोस्।
म तपाईंलाई चाँदी, कपडा र खाना दिनेछु, मात्र मेरो पूजाहारी भइदिनोस्।
मोशाले दिएका निर्देशनहरू विपरित मीकाको घरले, अरू थुप्रैले गरे जस्तै, तिनीहरूलाई जस्तो मन पर्‍यो, त्यस्तै प्रकारले आराधना गर्न थाले।
तर, मीका जस्तै मूर्तिपूजा गर्ने मानिसहरू पछि अरू पनि निस्के।
तिमीलाई कसले यहाँ ल्यायो? अनि यहाँ तिमी के गरिरहेका छौ?
मीकाले मलाई ज्यालामा राखेका छन् र म उनको पूजाहारी हुँ।
न्यायकर्ताहरू १७:१० – १८:४


यदि तिमी पूजाहारी हौ भने हामीलाई भन, हाम्रो यात्रा सफल होला कि नहोला ?
कुशलसित जाओ । तिमीहरूको यात्रामा परमेश्वरको स्वीकृति छ ।
यी मानिसहरू हाम्रो देशको भेद लिन आएका जासुसहरू थिए
यी जासुसहरू इस्राएलको दान कुलका थिए र जब तिनीहरूले लेशको सहर भेट्टाए, तब तिनीहरूले खोजिरहेको कुरा नै भेट्टाएको आभास तिनीहरूलाई भयो ।
हामीले लेशमाथि आक्रमण गर्नुपर्छ । त्यह(ँका मानिसहरू निष्फिक्री छन् ।
त्यो अति राम्रो देश हो । त्यहाँ केही कुराको अभाव छैन ।
हामीले अर्को एउटा कुरा पनि भेट्टाएका छौँ......
हुन्छ, तिमीले भेट्टाएको कुरा हेर्न जाऊँ न ।
न्यायकर्ताहरू १८:७–१०



त्यस घर मा एउटा एपोद, घरदेवताहरू, एउटा प्रतिमा र एउटा मूर्ति छन् ।
तिमीहरू किन पर्खिरहेका छौ त ?
तिमीहरू के गर्दैछौ ?
चूप लाग, हामीसित आऊ र हाम्रो पूजाहारी होऊ ।
एक जना मानिसको पूजाहारी हुनुभन्दा एउटा कुल र वंशको पूजाहारी हुनु असल होइन र ?
मिकाको पूजाहारी हुन आफ्नो विश्वास बेच्ने लेवीले दानवंशी सैनिकहरूको पूजाहारी हुन फेरि आफ्नो विश्वास बेचे ।
पर्ख !
न्यायकर्ताहरू १८:१४-२२


तिमीहरू किन हातहतियारहरू लिएर आएका छौ ?
तैँले सोध्ने हिम्मत कसरी गरिस् ?
तिनीहरू आपूभन्दा ज्यादै शक्तिशाली भएका हुनाले मिका आफ्नो घर फर्के । दानवंशीहरू नयाँ पूजाहारी लिएर आफ्नो बाटो लागे ।
हामीसित बहस नगर् , नत्र हाम्रा रिसाहा मानिसहरूले तँलाई आक्रमण गर्लान् र तँ र तेरो पूरै परिवारले ज्यान गुमाउनुपर्ला ।
तिनीहरू आपूभन्दा ज्यादै शक्तिशाली भएका हुनाले मिका आफ्नो घर फर्के । दानवंशीहरू नयाँ पूजाहारी लिएर आफ्नो बाटो लागे ।
न्यायकर्ताहरू १८:२३-२७


योजनामुताबिक दानवंशीहरूले त्यस सहरमाथि आक्रमण गरेर त्यसलाई नष्ट गरे ।
दानवंशीहरू त्यहीँ बसोबास गर्न लागे र तिनीहरूको पुर्खा दानको नाउँअनुसार त्यस सहरको नाउँ दान राखे ।
यो अराजकता तथा आत्मिक पतनको समय थियो
मोशाका नाति समेत पनि दान कुलका पूजाहारी भए र तिनीहरूलाई मूर्तिपूजामा डोऱ्याए ।
परमेश्‍वरको वचनलाई अवज्ञा गरिएको कारण देशभरि हिंसा तथा पाप बढ्‌न थाले ।
न्यायकर्ताहरू १८:२७–३१


मानिसहरूलाई डोऱ्याउनुपर्ने पूजाहारीहरू आफैले परमेश्वरको व्यवस्थालाई उल्लंघन गरे ।
एउटा लेवीले उपपत्नी ल्याए तर तिनी आफ्ना पतिप्रति अविश्वासी भई । तिनी आफ्ना बाबुको घरमा फर्किन् ।
आफ्नी उपपत्नीलाई मनाएर फर्काइल्याउन लेवी आफ्नो ससुराको घरमा गए ।
आफ्नी उपपत्नीलाई मनाएर फर्काइल्याउन लेवी सफल भए ।
घाम अस्ताउन लागिसक्यो, आज राति यरुशलेममै वास बसौँ ।
हुँदैन, यो सहर इस्राएलीहरूको अधीनमा छैन । हामी बेन्जामीनको गिबामा रात बित(ाउनेछौँ । कसैले दया गरी हामीलाई वास देलान् नि ।
न्यायकर्ताहरू १९:१–१५




न्यायकर्ताहरू १९:१६–२१



BAM BAM
तेरो घर मा पाहुना बसेको मान्छेलाई बाहिर निकाल् । हामी त्यससित सहवास गर्न चाहन्छौं ।
साथीहरू हो, त्यस्तो नीच काम नगरौँ ।
उनी मेरा पाहुना हुन्, त्यस्तो दुष्ट काम नगर्नुहोस् ।
यहाँ मेरी छोरी र यी मानिसकी उपपत्नी छन् ।
आफ्नो घरमा भएका थोकको सुरक्षा नगरी ती मानिसले त्यसलाई पराईको हातमा सुम्पीदिए ।
हो इन, हामीलाई त्यही मान्छे चाहिन्छ । त्यसलाई बाहिर ल्याऊ, नत्र हामी आफै भित्र आउनेछौँ ।
न्यायकर्ताहरू १९:२२-२५


यी स्त्रीलाई लानुहोस् ।
ती दुष्ट मानिसहरूले ती स्त्रीसँग रातभरि कुकर्म गरे ।
बिहान ती स्त्री ढोकाको संघारमा लडिरहेकी थिई
उठ, हामी जाऔं ।
त्यसलाई गधामाथि राख, हामी जाऔं ।
जब उनी घर पुगे, तब उनले त्यस स्त्रीलाई टुक्रा टुक्रा पारेर बाह्र टुक्रा पारे र इस्राएलका बाह्र कुलहरूकहाँ दूतहरूको हातमार्फत् पठाइदिए ।
हामी मिश्रदेशबाट आएको बेलादेखि आजको दिनसम्म यस्तो कहिल्यै भएको छैन । तिमीहरू अब गर्छौ त ?


यो कहाल(
ीलाग्दो घटनाको बारेमा मलाई पनि बताऊ ।
गिबाका मानिसहरू आएर मेरी उपपत्नीलाई नमरुञ्जेलसम्म बलात्कार गरे ।
इस्राएलका मानिसहरू बोल्नुहोस् र आफ्नो फैसला दिनुहोस् ।
हामीमध्ये कोही पनि घर फर्कनेछैनौँ ।
इस्राएलमाथि भएको यो दुष्टताको प्रतिफल गिबाले पाउनेछ ।
यो दुष्ट काम गर्ने मानिसहरूलाई हाम्रो हातमा सुम्पिदेओ, र तिनीहरूलाई मारेर हामी इस्राएलबाट यो खराबी हटाउन सकौँ ।
हामी दिनछैनौँ, तिनीहरू हाम्रै दाजुभाइहरू हुन् ।
बेन्यामिनीहरूले आफ्ना निपुण सैन्यबल जम्मा गरे जसमध्ये देब्रे हातले घुयँत्रो चलाउन जान्ने ७०० डरलाग्दा मानिसहरू पनि थिए ।
अगुवाहरूले प्रार्थना गरे र परमेश्वरले युद्धमा यहूदाको कुललाई पहिले पठाउन निर्देशन दिनुभयो ।
तर युद्ध राम्रो भएन र यहूदाको सेना पराजित र हताहत भएर फर्क्यो ।
न्यायकर्ताहरू २०:१–२१


युद्धमा दोस्रो दिनको पराजयपछि इस्राएलीहरूले प्रार्थना र उपवास बसेर आफै आफैलाई नम्र तुल्याए । तब परमेश्वरले तिनीहरूलाई उत्तर दिनुभयो ।
जाऊ, भोलि म तिनीहरूलाई तिमीहरूको हातमा सुम्पिदिनेछु ।
अर्को दिन, इस्राएलीहरू ढुकुवा बसे र बेन्यामीनीहरूमाथि आक्रमण गरे र तिनीहरूको अधिकाँश सैन्यबललाई परास्त गरे ।
इस्राएलीहरूले गिबा सहरलाई आगो लगाइदिए र बेन्यामीन कुलका अन्य सहरहरूलाई पनि नष्ट गरि दिए ।
त्यति धेरै आफ्ना दाजुभाइहरू नष्ट भएकोमा इस्राएलीहरूले साह्रै बिलौना गरे ।
इस्राएललाई किन यस्तो भएको छ ? किन इस्राएलको एउटा कुल चाहिँ हर एएर गयो ?
जब हामीले हाम्रा सैनिकहरूको गन्ती लियौँ, तब हामीले पत्ता लगायौ ँ कि याबेश गिलादबाट कोही पनि उपस्थित थिएनन् ।
तिनीहरूले आफ्नो प्राण दिएर चुक्तत्र गर्नुपर्छ अब-र याबेश गिलादमा बाँकी रहेका कन्याहरू जीवित रहे का बेन्यामीनीहरूलाई दिइनेछन् ।
रिम्मोनको चट्टानमा लुकेर रहेका ६०० मानिसहरूलाई शान्तिको प्रस्ताव पठाऊ । हामी बे न्यामीनको कुललाई मेटिन दिनेछैनौं ।
न्यायकर्ताहरू २०:२८-२१:१३


मानिसहरू शोकित थिए किनकि इस्राएलको एउटा कुल भण्डै मेटिएर गएको थियो.....तर तिनीहरूले एउटा शपथ खाएका थिए ।
जसले बे न्यामीनीलाई बिहेको निम्ति छोरी दिन्छ, त्यो श्रापित होस् ।
हामीले ४०० कन्या केटीहरू बे न्यामीनीहरूलाई दिएका छौं तर २०० ले अझै पत्नी पाउन सकेका छैनन् ।
शीलोमा परमप्रभुको निम्ति एउटा वार्षिक चाड मनाइने समय आयो नि ।
जब त्यहाँ केटीहरू नाच्नलाई आउँछन्, तब हरेक बेन्यामी( नीले आफ्नो लागि एउटी पत्नी लिएर आफ्नो घर फर्कून् ।
यदि तिनीहरूका बुबा वा दाजुभाइहरू आएर हामीलाई उजूर गरे, हामी भन्नेछौं, 'उनीहरूमाथि दया गरेर हामीलाई सहायता गर्नुहोस्' । तपाईंहरू निर्दोष हुनुहुन्छ कारण तपाईंले आफ्ना छोरीहरू तिनीहरूलाई दिनुभएन ।
ती दिनहरूमा, इस्राएलमा कुनै राजा थिएन.....
.....र हरेकले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यही गर्दथ्यो ।